# नरैनापुर राजपत्र

खण्ड : ६ संख्या : २ नरैनापुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, नरैनापुर, बाँके प्रकाशित मिति : २०७९/०८/२८

**नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम नरैनापुर गाउँपालिकाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

**भाग-०२**

## स्थानिय विपद व्यवस्थापन कोष संचालन तथा ब्यवस्थापन कार्यविधि २०७९

**गाउँ कार्यपालिका बैठकबाट पारित भएको मिति:२०७९/०८/२६**

**प्रस्तावना:**

विपद परिस्थिति जन्य आपतकालीन अवस्थाहो जसका कारण धनजन को क्षति,भौतिक संरचनाको विनाश जस्तो परिणामहरु देखापर्दछन। यो परिस्थितिमा कोही पनि नपर्ला भन्न सकिन्न, त्यसैले यसगाउँपालिकाको गाउँसभाबाट विपदव्यवस्थापन को लागि विपद व्यवस्थापन कोष संचालनको लागि बजेट पारित गरिएकोछ । हुन सक्ने सम्भावित सबैखाले बिपदलाई तत्काल न्यूनिकरण,रोकथाम र पुन:स्थापना गर्न आवश्यक छ । यस नरैनापुर गाउँपालिकामा हुने सम्पूर्ण विपद परिस्थितिलाई आपतकालिन राहतवितरण तथा व्यवस्थापन गर्न जरुरी हुन्छ ।उक्त कार्यलाई पारदर्शी,निष्पक्ष,यथार्थ र परिणाम मुखी बनाउन नेपालको संबिधानको अनुसुचि ८ तथा स्थानिय सरकार संचालन ऐन२०७४को परिच्छेद ३ दफा ११ उपदफा २ (नं.६) बमोजिम विपदव्यवस्थापन कोषसंचालन कार्यविधि,२०७९तयार गरी लागु गरिएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भ परिभाषा:

(१)यस कार्यविधिको नाम बिपद् व्यवस्थापन कोष संचालन कार्यविधि,२०७९ रहेको छ ।

(२)यो कार्यविधि तुरुन्त कार्यान्वयन हुनेछ ।

२.परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधि मा: ।

(१)अध्यक्ष भन्नाले नरैनापुर गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(२)उपाध्यक्ष भन्नाले गाउँपालिकाको उपाध्यक्ष लाई सम्झनु पर्दछ ।

(३)प्रमुख प्रशासकिय अधिकृत भन्नाले नरैनापुर गाउँपालिकाको प्रमुख प्रशासकीय

अधिकृतलाई सम्झनुपर्दछ ।

(४)वडाअध्यक्ष भन्नाले नरैनापुर गाउँपालिकाको वडाअध्यक्षहरु लाईसम्झनु पर्दछ ।

५)"कार्यविधि"भन्नाले नरैनापुर गाउँकार्यपालिकाले आफ्नो गाउँपालिका भित्र बिपद् व्यवस्थापन तथा राहतकोष संचालनको लागि तयार गरेका विपद् व्यवस्थापन कोषसंचालन कार्यविधि,२०७९ लाईबुझ्नु पदर्छ ।

(६)विपद् भन्नाले प्राकृतिक तथा मानवीय विपदलाई सम्झनु पर्दछ।

(७)यो कार्यविधि गाँउपालिकाको कार्यपालिका बैठकबाट पारित भएको मिति बाट लागु हुनेछ।

(८)यो कार्यविधि नरैनापुर गाउँपालिका क्षेत्रभरी लागु हुनेछ ।

## परिच्छेद-२
## उद्देश्य,लक्ष्य र रणनीति

३.उद्देश्य:

(१)विपद् व्यवस्थापनमा गाउँपालिकामा संस्थागत प्रणालीको स्थापना गर्ने।

(२)स्थानीय स्तरमा नीतिगत उपायहरु निर्माण गरी लागू गर्ने।

४.लक्ष्य : सबैखाले प्रकोप तथा बिपद्बाट हुने घटनालाई तत्काल सम्बोधनगर्दै पुनस्थापना गर्ने र सम्भावित विपद्बाट बाँच्न पूर्बतयारी गर्दै विपद्लाई न्यूनिकरण गर्ने कोषको लक्ष्य रहेकोछ।

५.नीति:

(१)विपद् बाट पिडितलाई तत्काल उद्धार र राहत सहयोग उपलब्ध गराउने।

(२)विपद् जोखिम व्यवस्थापन गर्न गाउँपालिका स्तरीय योजना तर्जुमागरी सबैयोजना तथा कार्यकमहरुको आचारसंहिता बमोजिम् गर्ने गराउने।

(३)स्थानीय सरकारबाट स्थानीयस्तरमा विपद् व्यवस्थापनमा तत्काल राहत दिलाउँदै सरकारको उपस्थितीको पीडित जनतामा विश्वास दिलाउने ।

४)उद्धार तथा पुनस्थापनाका लागि जिल्ला प्रदेश तथा संघ स्थित सबै निकाय संघसंस्था बीच समन्वय गर्नुका साथै जनसहभागिता जुटाउन पहलगर्ने ।

५)गाउँपालिकाको जोखिम पूर्ण क्षेत्रको पहिचान गरी जोखिम रोकथाम तथा व्यवस्थापनको लागि भौतिक तथा चेतना मुलक कार्यक्रम गर्ने ।

(६)विपद, व्यवस्थापन, वातावरण, संरक्षण, पूर्वाधार निर्माण व्यवस्थापन सम्बन्धमा प्रचलित कानुन बमोजिम गर्ने गराउने।

## परिच्छेद-३

## कोष व्यवस्थापन तथा संचालन

६.कोष व्यवस्थापन तथा संचालनः

(क)गाउँपालिका स्तरिय एक विपद व्यवस्थापन समिति गठन हुनेछ

| | |
|---|---|
| (१)गाउँपालिका अध्यक्ष | -अध्यक्ष |
| (२)उपाध्यक्ष | -सदस्य |
| (३)प्रमुख प्रशासकिय अधिकृत वा निजलेतोके को प्रतिनिधि | -सदस्य |
| (४)नेपालप्रहरी,नेपालीसेना,सशस्त्रप्रहरीका स्थानिय प्रमुखहरु | -सदस्य |
| (५)गाउँपालिकामा कार्यक्षेत्र भएको नेपाल रेडक्रस सोसाईटी शाखा वा उपशाखाका मध्ये बाट गाउपालिका अध्यक्षले मनोनित गरेको १ जना | -सदस्य |
| (६)वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक | -सदस्य |
| (७)विपद व्यवस्थापन शाखाप्रमुख | **-सदस्य सचिव** |

(ख)समितिको बैठक सामन्यतया बर्षमा ३ पटक बस्नेछ ।
(ग)आवश्यकता अनुसार समितिको बैठक जुनसुकै समयमा पनि बोलाउन सकिनेछ ।
(घ)अध्यक्षको निर्देशनमा सचिबले बैठक बोलाउनेछ ।
ङ)समितिको सम्पूर्ण सदस्यसंख्याको ५१%सदस्य उपस्थितभए बैठकको गणपूरक संख्या पुराभएको मानिनेछ।
(छ)बैठकको निर्णय अध्यक्षबाट प्रमाणित हुनेछ।

७.समितिको काम,कर्तब्यर अधिकार :

विपद् व्यवस्थापन कोषसंचालन तथा व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकारदेहाय बमोजिम हुनेछ :

१)विपद् व्यवस्थापनका लागि आर्थिक श्रोत जुटाउने, कोषको वार्षिक योजना तर्जुमा गरी गाउँसभामा पेश गर्ने।
२)विपद् सम्बन्धी चेतना मुलक कार्यक्रम संचालन गर्ने,पीडित परिवारलाइ तत्काल राहत उपलब्ध गराउने।
(३)जोखिम बाट पीडित परिवारका लागि पुन:स्थापनाको ब्यवस्था गर्ने।
(४)योजना तथा बिकासको कार्यक्रममा वातावरण मैत्रीबनाउन समन्वय गर्दै जोखिम न्यूनिकरण गर्न प्रयास गर्ने।
(५)स्थानीय तहका विपद् जोखिम व्यवस्थापन सम्बन्धी योजनाहरुको तर्जुमा र कार्यान्वयन गराउदै विपद् जोखिम व्यवस्थापन लाई संस्थागत गरी विपद् उत्थानशील समाजको निर्माण गर्ने ।

८.गाउँपालिकाको वडा स्तरिय : प्रत्येक वडाहरुमा एक वडास्तरीय विपद् व्यवस्थापन तथा प्रभावित पहिचान **समिति** गठन गरिनेछ ।

(१)वडाअध्यक्ष संयोजक
(२)वडासदस्यहरु -सदस्य
३)सम्बन्धीत वडामा रहेको सुरक्षाप्रमुख,स्वास्थ्य संस्थाप्रमुख, नेपाल रेडक्रस सोसाईटी शाखा/उपशाखा का प्रतिनिधी १/१जना सदस्य
(४)वडा **सचिव** -सदस्य**सचिव**

९.सचिवालयमा कोष संचालन यस कोष संचालनको लागि गाउँपालिका स्तरीय ५सदस्यीय सचिवालय सदस्य रहनेछ ।

(१)गाउँपालिका अध्यक्ष संयोजक
(२)गाउँपालिका उपाध्यक्ष -सदस्य
(३)वातावरण तथा विपदव्यवस्थापन समितिको अध्यक्ष -सदस्य
(४)भौतिक तथा पूर्वाधार विकास समितिक अध्यक्ष -सदस्य
(५)प्रमुख प्रशासकीय अधिकृत वा नीजले तोकेको कर्मचारी १जना-सदस्य
(६)विपद् व्यवस्थापन शाखा प्रमुख ............... . सदस्य
(७)प्रमुख प्रशासकीय अधिकृत .............................. सदस्य सचिव

१०.सचिवालयको काम,कर्त्तव्य र क्षेत्राधिकारः

१)कार्यविधिमा रहेर सम्पूर्ण आवश्यक प्रमाण जुटाई अध्यक्षको सिफारीस बमोजिम राहत वितरण गर्नलाई सचिवालयको बैठक बस्नेछ ।

(२)यस विपद् व्यवस्थापन को सम्पूर्ण कार्यलाई एक वेबसाइट निर्माण गरी गाउँपालिका भरी सूचना प्रवाह गर्ने ।

(३)प्रमुख प्रशासकिय अधिकृतले सदस्य सचिवको काम गर्नेछ ।

(४)कोष सचिवालय समितिको बैठकआवश्यकता अनुसार अध्यक्षको परामर्शमा बोलाउन सक्नेछ ।

(५)बैठक भत्ता प्रचलित ऐन तथा कानुन वा गाउँकार्यपालिकाको सोसरह हुनेछ ।

११.विपद् समन्वय तथा सूचना समिति : विपद् सूचनालाई प्रभावकारी अभिलेख तथा सूचाना प्रवाह गर्नको लागि गाउँपालिका स्तरीय देहाय बमोजिम समिति रहनेछ ।

| | |
|---|---|
| (१)गाउँपालिकाउपाध्यक्ष | संयोजक |
| (२)विषयगत शाखा प्रमुख | -सदस्य |
| (३)विपद् व्यवस्थापन शाखा प्रमुख | -सदस्य |

## परिच्छेद-४
## आर्थिक तथा प्रशासनिक व्यवस्थापन

१२.आर्थिक तथा प्रशासनिक व्यवस्थापन

(क)कोषको वितिय व्यवस्थापनः कोषमा देहाय बमोजिम रकमहरु रहनेछ ।

(१)गाउँसभा बाट विपद् व्यवस्थापन कोषका लागि वार्षिक रुपमा विनियोजन हुने रकम ।

(२)अन्य स्थानिय तहबाट प्राप्तहुने रकम ।

(३)दातृनिकाय,परियोजना,गैरसरकारी संस्थाबाट प्राप्तहुने रकम ।

(४)कोषलाई सेवा शुल्कबाट विभिन्न श्रोतबाट प्राप्तहुने रकम ।

(५)संघीय सरकार,प्रदेश सरकारबाट प्राप्त हुने रकम ।

६)कोषको रकम नेपालराष्ट्र बैंकबाट“क”वर्गको इजाजत प्राप्त कुनै पनि बैंकमा छुट्टै खाता खोली कोष जम्मा गरिने छ ।खाता संचालन गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत र गाउँपालिकाको लेखा शाखा प्रमुखबाट संयुक्त दस्तखतबाट हुनेछ ।

(७)कोषको लेखापरिक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

१३.प्रशासनिक व्यवस्था :

क)कोषको प्रशासनिक तथा आर्थिक कारोबार प्रचलित कानुन बमोजिमनै संचालन गरिने छ । जुन प्रायोजनका लागि रकम प्राप्त भएको हो सो बाहेक अन्यमा खर्च गर्नपाइने छैन ।

(ख)विपदको प्रकारहरुः

(१)आगलागी

(२)बाढीपहिरो

(३)भूकम्प

(४)महामारी

(५)सडक दुर्घटना
(६)वन्य जन्तुबाट हुने विनास
(७)खडेरी र अनिकाल
(८)आधी बेरी
(९)चट्याङ
(१०) शितलहर
(११) लु गर्मीयाममा
(ग) अन्य–अनावृष्टि, खण्डदृष्टि,खोलाको सतहबृद्धि,बन्यजन्तुको समस्या,सर्पढश,रेवीज

घ)आपत्कालीन उद्धार तथा राहत वितरणः

(१)घरक्षतिः कुनैपनि विपद्बाट घर क्षतिपूर्णरुपमा नष्ट भएमा रु.१५,०००/-( पन्ध्रहजार) विस्थापित हुने अवस्थामा मात्र ।

(२)प्रकोप बाट कुनै व्यक्ति अंगभंग भएमा रु२०,०००/-(बीसहजार)सम्म प्रकृती हेरी उपलब्ध गराउने ।

३)विपदबाट घरवहालको आवास नष्टभए वा खाद्यान्नबाली, पसल व्यवसाय नोक्सानी भए तत्काल राहतका लागि बढीमा रु.१०,०००।-(दशहजार)प्रकृती हेरी उपलब्ध गराउने ।

४)मानवीय क्षतिः कुनै पनि प्रकोपको समयमा परी व्यक्तिको मृत्यु भएमा मृतकको परिवारलाई रु.२५,०००।-(पच्चिसहजार) तत्काल राहत स्वरुप उपलब्ध गराईने छ ।

५)प्रकोपको घटनामा परी घाईते हुनेहरुलाई यसकोष मार्फत सरकारी वा जुनसकै अस्पतालमा उपचार गर्नका लागि बढीमारु.१०,०००।-(दशहजार)सम्म उपचार खर्च दिने ।

(६)विपद्का पिडितहरु लाई पुर्नस्थापना र पुनःनिर्माणका लाीग प्रचलित नीति र नियममा रही स्थानीय सामुदायिक बन र जिल्लाबन सँग सहकार्य गरी विपद् व्यवस्थापन समितिको सिफासिमा अवस्था हेरी निशुल्क वा सहुलियत दरमा काठ उपलब्ध गराउने ।

७)प्रकोपमा विशेष परिस्थितिको सिर्जनाभएको अवस्थामा थप सहायता उपलब्ध गराउन पर्ने देखिएमा कार्यपालिका र विपद् व्यवस्थापन समितिको बैठकले साथ निर्णय गरेर मात्र राहत दिने ।

८)दैविकप्रकोपमा उद्धार गर्न तत्काल उद्धार टोलीमा खट्नका लागि परीस्थिती अनुसार विपदव्यवस्थापन समितिको निर्णय अनुसार खर्च गरीनेछ ।

(९)अन्य बिषयमा सचिवालयले आवश्यक परे बैठक बाट निर्णय गर्न सक्नेछ ।

(१०)बिपद्को घरधुरी सर्वेक्षण कार्य तथा डाटा इन्ट्री गर्नेकार्यमा खटिने पदाधिकारी कर्मचारी तथा अन्य निकायका कर्मचारीलाई पालिका कर्मचारीको हकमा कार्यालय समयमा खाजा नास्ता खर्च तथा कार्यालय समय बाहिर तथा अन्य कर्मचारी पदाधिकारीको हकमा नेपाल सरकारले कायम गरेको प्रतिदिनको ज्याला रकम तथा खाजा खर्च पाउने छन ।

१४.आवश्यक प्रमाणः

१)नरैनापुर गाउँपालिकाको स्थायी बसोबास भएको हुनुपर्ने र विशेष परिस्थिती भए अन्य स्थानमा वसोवास गर्ने व्यक्ति लाई पनि ।

(२)नेपाली नागरिकता/फोटो आवश्यकता अनुसार ।

(३)स्थलगत प्रहरी सरजिमीन मुचुल्का/मृतक आगलागी भएमा वा घरपुर्ण क्षतिभएमा

(४)वडा कार्यालयको सिफारीस

## परिच्छेद ५
## विविध

१५.कार्यक्रम–गाउँकार्यपालिकाको यस विषय अर्न्तगतका  समिति वा उपसमिति वा उक्त शाखाको कर्मचारी बाट विपद् सम्बन्धी कार्यक्रम संचालन गर्दा यस कोषबाट मात्र खर्च गरिनेछ ।

१६.जाचँ फरफारक :
कोषबाट संचालित कार्यक्रमको जाचँपास तथा फरफारक प्रचलित कानुन बमोजिम  हुनेछ ।

१७.संसोधन–यस कार्यविधि लाई संसोधन गर्न आवश्यक देखिएमा व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाको बैठकबाट हुनेछ ।

१८.खारेजीरबचाउ :
क)यस कार्यविधिमा व्यवस्था भएका बुदाहरु स्थानिय सरकार संचालन ऐन२०७४ स्थानियतहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः खारेज भएको मानिनेछ ।
(ख)कुनै कारणबाट कोष संचालन हुन नसकेमा कार्यपालिकाले  खारेज गर्न सक्नेछ ।
ग)कोष खारेजभएमा कोषमा रहेको चलअचल सम्पति तथा दायित्व प्रचलित कानुन बमोजिम हुनेछ ।

**प्रमाणिकरण मिति:** २०७९/०८/२४

**आज्ञाले**
**मणिराम खराल**
**प्रमुख प्रशासकीय अधिकृत**